भोटेकोशी गाँउपालिका

# गाँउकार्यपालिकाको कार्यालय

फुल्पिङकट्टी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

## बोलपत्र आब्हानको सूचना

**पुन : प्रकाशित मिति : ०७७/०१/१६**

संघीय सरकार, प्रदेश सरकार र यस गाउँपालिकाबाट चालु आ.व २०७६/०७७ को स्वीकृत कार्यक्रम अनुसार निम्नानुसारको निर्माण कार्य बोलपत्रद्वारा गर्नु पर्ने भएकोले कानुन बमोजिम ईजाजत प्राप्त निर्माण व्यवसायी फर्म, संस्था तथा कम्पनीबाट तपशील बमोजिमका शर्तहरूको अधिनमा रही शीलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू :

- बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म यस गाउँकार्यपालिकाको कार्यालयबाट खरीद गर्न सकिनेछ ।
- बोलपत्र फाराम खरीद गर्ने बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजात वापत लाग्ने दस्तुर रू ३००० यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड चौतारा शाखाको गाउँपालिकाको सञ्चित खाता नं ०५७०३०००००००४००१००२ मा जम्मा गरेको सक्कलै भौचर वा नगदै, नविकरण भएको ईजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, मु. अ. कर दर्ता प्रमाण पत्र र आ. व . २०७५/०७६ सम्मको कर चुक्ता भएको प्रमाण पत्रहरूको नोटरी पब्लिकबाट प्रमाणीत गरेको प्रतिलिपी पेश गर्नुपर्ने छ ।
- खरीद भएका बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरू प्रष्टसँग भरी प्रत्येक पानामा सही छाप गरी नियमानुसार यो सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२: ०० भित्र शीलबन्दी लाहाछाप गरी यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।
- कार्यालयबाट जुन फर्मको नाममा बोलपत्र फाराम खरीद गरिएको हो सोही फर्मको नामबाट मात्र बोलपत्र फाराम दर्ता दाखिला गर्न सकिने छ ।
- दर्ता गरिएको बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको २ : ०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
- बोलपत्र दर्ता गर्ने र खोलिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन तोकिएको समयमा बोलपत्र दर्ता गर्ने र खोलिने काम हुनेछ ।
- बोलपत्रसाथ जमानत वापतको कवोल अंकको ३ प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड चौतारामा रहेको धरौटी खाता नं ०५७०३०००००००३००००८ मा कार्यालयको नाममा नगदै जम्मा गरेको सक्कलै भौचर वा घटीमा बोलपत्र दर्ता गर्ने १२० दिन म्याद भएको क वर्गको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको र कार्यालयलाई मान्य ढाँचाको सक्कलै बैंक ग्यारेन्टी अनिवार्य रुपले बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।नगद जमानत बोलपत्र स्वीकृत भएमा पछी ग्यारेन्टीमा परिवर्तन गर्न पाईने छैन ।
- बोलपत्र शर्त रहित, केरमेट नभएको, मूल्य पत्र लगायत कार्यालयबाट उपलव्ध गराईएका दस्तावेजहरुमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनु पर्ने भएमा सच्याइएको ठाउँमा बोलपत्र दाताको दस्तखत र छाप अनिवार्य लगाएको हुनुपर्नेछ । समय भित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनामा भएका शर्तहरू विपरीतको बोलपत्र माथि कुनै कारवाही हुने छैन । दररेट अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्याता दिईने छ ।
- नेपाल सरकारलाई तिर्नु, बुझाउनु पर्ने सबै प्रकारका करहरू तथा स्थानीय स्तरमा तिर्नुपर्ने सबै प्रकारका करहरू (भ्याट बाहेक) दररेटमा समावेश गर्नु पर्नेछ ।
- बोलपत्र, स्पेसिफिकेसन र ठेक्का सम्बन्धी अन्य कुनै दस्तावेजमा (भाषागत समेत) त्रुटी भएमा वा अर्को अर्थ लागेमा कार्यालयलाई कुनै पनि बेला सो सच्याउन बाधा पर्ने छैन । सो सम्बन्धमा यस कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ । बोलपत्र सम्बन्धी थप जानकारी आवश्यक भएमा बोलपत्र फाराम खरीद गरेका फर्महरुले यस कार्यालयबाट प्राप्त गर्न सक्नेछन ।
- बोलपत्र दर्ता गर्ने म्याद समाप्त भएमा वा रीत नपुगी प्राप्त हुन आएका बोलपत्र उपर कारवाही गरिने छैन ।
- बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

तपशील :

| सि.नं | ठेक्का नं | कामको विवरण | ल.ई (भ्याट र कन्टेन्जेन्सी बाहेक) | जमानत वा विडवण्ड रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | १२/२०७६/०७७ | हिन्दी नारायणथान मोटरबाटो मर्मत तथा स्तरोन्नति कार्य | ४२,९६,१३९/१४ | १,४५,५००। | ३०००। |
| २ | १३/२०७६/०७७ | कोदारी नादुङ सडक स्तरोन्नति तथा निर्माण कार्य | ७०,७९,६४६/०२ | २,४०,०००। | ३०००। |
| ३ | १४/२०७६/०७७ | गोल्छी खानेपानी निर्माण | २२,१२,३८९/३८ | ७५,०००। | ३०००। |
| ४ | १५/२०७६/०७७ | काङलाङ सामुदायिक स्वास्थ्य ईकाइ भवन निर्माण | ८६,०५,१५२/२४ | २,९१,३००। | ३०००। |
| ५ | १६/२०७६/०७७ | पन्चकन्या आ.वि घेराबार र शौचालय निर्माण (फुल्पिङकट्टी) | २१,५१,६२०/५१ | ७२,८००। | ३०००। |
| ६ | १७/२०७६/०७७ | सेतीदेवी आ.वि खेलमैदान र घेराबार निर्माण | ४२,९३,२०४/६६ | १,४५,३००। | ३०००। |

प्रमुख प्रशासकीय अधिकृत